त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

# भानुभक्त बहुमुखी क्याम्पस


खैरेनी–बेलचौतारा, तनहुँ, नेपाल

स्थापित : २०४४

☎ : ०६५–५७१२४०


# छात्रवृत्ति वितरण विनियम

## (२०८२)

| विषय सूचि | क.सं | . विवरण | पेज नं. |
|---|---|---|---|
| परिच्छेद १ | | प्रारम्भिक | |
| | १.१ | सङक्षिप्त नाम र प्रारम्भ : | |
| | १.२ | परिभाषा र व्याख्या | |
| परिच्छेद २ | | समिति गठन, काम, कर्तव्य र अधिकार | |
| | २.१ | समिति गठन प्रक्रिया | |
| | २.२ | समितिको काम, कर्तव्य र अधिकार : | |
| परिच्छेद ३ | | उद्देश्य | |
| परिच्छेद : ४ | | छात्रवृत्तिको प्रकार, छनौट प्रक्रिया र छात्रवृत्ति रकम | |
| | ४.१ | छात्रवृत्ति प्रकार | |
| | ४.२ | छात्रवृत्ति छनौट प्रक्रिया | |
| | | क) जेहेन्दार छात्रवृत्ति | |
| | | ख) अपाङ्ग छात्रवृत्ति | |
| | | ग) दलित छात्रवृत्ति | |
| | | घ) जनजाति छात्रवृत्ति | |
| | | ङ) आर्थिकरुपमा पिछडिएका वर्गका लागि छात्रवृत्ति | |
| | ४.३ | कोटा हस्तान्तरण हुन सक्ने | |
| | ४.४ | छात्रवृत्तिको रकम | |
| | ४.५ | दोहोरो छात्रवृत्ति नपाउने | |
| | | | |

**प्रस्तावना**

यस तनहुँ जिल्लाको खैरेनी बेलचौतारामा उच्च शिक्षा प्राप्त गर्नका लागि विभिन्न तहमा भर्ना भएका विद्यार्थीहरू मध्ये जेहेनदार गरिब अपाङ्ग अल्पसंख्यक जनजाति तथा दुर्गम क्षेत्रबाट आएका विद्यार्थीहरूलाई सर्वसुलभ तरिकाले गुणस्तरयुक्त शिक्षाको अध्ययन गराउने अभिप्रायले जिल्लाको शिक्षा प्रेमी समाजसेवीहरूको सहयोगमा २०४४ सालमा यस भानुभक्त बहुमुखी क्याम्पस स्थापना गरिएको हो । विद्यार्थीहरुलाई अध्ययन गर्ने क्रममा आर्थिक असुविधालाई कम गर्ने उद्देश्यले छात्रावृत्ति वितरण विनियम (२०८२) लाई विधान २०७६ सँग नबाजिने गरी तयार पारिएको हा ।

**परिच्छेद १**

प्रारम्भिक १.१ सङक्षिप्त नाम र प्रारम्भ :

क) यो विनियमको नाम " भानुभक्त बहुमुखी क्याम्पस विनियम, छात्रावृत्ति वितरण विनियम (२०८२)" रहने छ ।

ख) यो विनियम क्याम्पस सञ्चालक समितिले पारित गरेको मितिबाट लागु हुनेछ ।

१.२ परिभाषा र व्याख्या :

क) "क्याम्पस" भन्नाले भानुभक्त बहुमुखी क्याम्पस सम्झनु पर्दछ ।

ख) "क्याम्पस प्रमुख" भन्नाले क्याम्पस नियमानुसार नियुक्त क्याम्पस प्रमुख भन्ने सम्झनु पर्दछ ।

ग) "सहायक क्याम्पस प्रमुख" भन्नाले क्याम्पस नियमानुसार नियुक्त सहायक क्याम्पस प्रमुख भन्ने सम्झनु पर्दछ ।

घ) "संकाय प्रमुख" भन्नाले यस विनियम बमोजिम नियुक्त संकाय प्रमुख सम्झनु पर्दछ ।

ङ) "छात्रवृत्ति समिति" क्याम्पसमा नियमित रुपमा अध्ययनरत असहाय, जेहन्दार छात्र, छात्राहरुलाई वितरण गरिने छात्रवृत्ति र विभिन्न महानुभावहरुवाट स्थापित छात्रवृत्ति कोषवाट वितरण गरिने छात्र वृत्ति वितरण को लागि सञ्चालक समितिबाट गठीत छात्रवृत्ति समिति सम्झनु पर्दछ ।

छ) "विभागीय प्रमुख" भन्नाले विभागका प्रमुखलाई जनाउँदछ ।

ज) "छात्रवृत्ति समिति संयोजक" भन्नाले छात्रवृत्ति समितिका संयोजकलाई जनाउँछ ।

**परिच्छेद २ समिति गठन, काम, कर्तव्य र अधिकार**

२.१ समिति गठन प्रक्रिया देहाय वमोजिमको हुनेछ ।

क) क्याम्पस सञ्चालक समितिका सदस्य संयोजक ................................ १

ख) प्राध्यापक संघ इकाइ अध्यक्ष वा प्रतिनिधि सदस्य............................... १

ग) स्ववियू सभापति / प्रतिनिधि सदस्य..................................................१

घ) क्याम्पस छात्रवृत्ति कोष स्थापना गर्ने संस्था वा व्यत्ति मध्ये वाट सञ्चालक समितिले मनोनयन गरेको सदस्य .................................................................. १

ङ) क्याम्पस प्रमुख सदस्य सचिव........................................................ १

जम्मा ................................ ५

२.२ समितिको काम, कर्तव्य र अधिकार :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) क्याम्पसमा छात्रवृत्ति आवेदन सम्बन्धी सूचना प्रकाशित गर्न क्याम्पस प्रशासनलाई निर्देशन गर्ने, गराउने ।

ख) क्याम्पस प्रशासनले विद्यार्थीहरूबाट सङ्कलन गरेका आवश्यक कागजात सहित फारमहरू जाँच गर्ने,

ग) प्राप्त छात्रवृत्ति आवेदन फारम समूहगत रूपमा छानबिन गर्ने ।

घ) योग्यता पुगेका आवेदकहरुको अर्न्तवार्ता लिन, आवश्यक अनुसार छनौट गर्ने,

ङ) छनौट गरिएका छात्र-छात्राहरूको नाम क्याम्पस सञ्चालक समितिमा पेश गर्ने ।

च) छात्रवृत्ति वितरणको प्रभावको मूल्याङ्कन गर्ने, गराउने ।

छ) छात्रवृत्तिको कोटा निर्धारण गर्दा भर्ना भएका विद्यार्थी सङ्ख्याको समेतका आधारमा गरिनेछ ।

ज) छात्रवृत्तिको कोटा, बजेट, छात्रवृत्तिको माग तथा विभिन्न वर्गका विद्यार्थी सङ्ख्याको आधारमा वार्षिक रूपमा पुनरावलोकन गरिने छ ।

झ) अन्य स्रोतबाट प्राप्त हुने छात्रवृत्तिसँग समन्वय गर्ने ।

ञ) छात्रवृत्ति वितरणको प्रतिवेदन तयार गर्ने ।

**परिच्छेद ३ उद्देश्य**

३.१ यो विनियम जारी गर्नुको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क) क्याम्पसमा नियमितरुपमा अध्ययनरत जेहेन्दार, असाहय, दलित, अपाङ्ग, पिछडिएको जनजाति, आर्थिकरुपले पिछडिएको वर्ग र छात्राहरुलाई उच्च शिक्षामा पँहुच वृद्धि गर्नु,

ख) क्याम्पसमा अध्ययनरत छात्र-छात्राहरुलाई छात्रवृत्तिका लागि छनोटका आधारहरु निर्धारण गर्नु छात्रवृत्ति पाउने छात्र-छात्राहरुको योग्यता र छात्रवृत्ति माग गर्ने आधार तयार गर्नु, ग) छात्रवृत्ति प्रदान गर्ने (विवरण गर्ने) प्रक्रिया तयार गर्नु,

घ) छात्रवृत्ति प्रदान गर्ने कार्यमा संलग्न निकायहरुको कार्यलाई सहज बनाउनु ।

**परिच्छेद : ४ छात्रवृत्तिको प्रकार, छनौट प्रक्रिया र छात्रवृत्ति रकम**

४.१ छात्रवृत्ति प्रकार : छात्रवृत्ति कोष अर्न्तगत निम्नलिखित समूहका छात्र-छात्राहरुलाई छनौटका आधारमा छात्रवृत्ति प्रदान गरिने छ ।

क) UGC बाट प्राप्त छात्रवृत्ति

ख) जेहेन्दार छात्रवृत्ति

ग) दलित

घ) अपाङ्ग

ङ ) अल्पसंख्यक /आदिवासी जनजाति

च) आर्थिक रुपमा पिछडिएका वर्ग तथा मधेसी

छ) छात्रा छात्रवृत्ति

ज) द्वन्दपिडित/शहिद परिवार

४.२ छात्रवृत्ति छनौट प्रक्रिया : छात्रवृत्ति प्रदान गर्न निम्नलिखित समूहका छात्र-छात्राहरुलाई छात्रवृत्तिका लागि छनौट गरिन्छ :

क) **जेहेन्दार छात्रवृत्ति** : क्याम्पसमा अध्ययन गर्ने छात्रछात्रा मध्ये । स्नातक तह प्रथम वर्षका लागि कक्षा १२ वा सो सरहको परीक्षाको प्राप्त प्रतिशत ३.६ जि पि ए वा सो भन्दा माथि अङ्क प्राप्त गर्ने जेहेन्दार छात्र- छात्राहरुलाई १००% र ३.४ जिपिए वा सो भन्दा माथि प्राप्त गर्ने छात्र–छात्राहरुलाई ५०% प्रदान गरिने छ र क्याम्पसले लिने आन्तरीक परीक्षाको नतिजाको आधारमा जेहेन्दार छात्र-छात्राहरु छनौट गरिनेछ र छिमेकी पालिकाहरु शुक्लागण्डकी,म्याग्दे, भिमाद,घिरिङ्ग, ऋिसिङ्ग, हरिनास, पो.मा.न.पालिका सम्वन्धित विद्यालयहरुका १०+२ मा प्रथम हुने विद्यार्थीहरुलाई पहिलो वर्ष पूर्ण छात्रवृत्ति दिइने छ । स्नातक तह दोस्रो, तेस्रो र चौथो वर्षका लागि अन्तिम परीक्षामा प्राप्त प्रतिशत र क्याम्पसले लिने आन्तरीक परीक्षाको नतिजाको आधारमा जेहेन्दार छात्र-छात्राहरु छनौट गरिनेछ ।

ख) **अपाङ्ग छात्रवृत्ति** : अपाङ्गताको वर्गीकरण समेत राखी प्रमाणित गरी आएका अपाङ्गता भएका छात्र-छात्राहरुलाई यो छात्रवृत्ति प्रदान गरिने छ । अपाङ्गताको वर्गीकरण अपाङ्गताको मात्रा अनुसार

सरकारबाट ( क), (ख), (ग) र (घ) गरी आउनुपर्ने र छात्रवृत्ति दिदा प्राथमिकताको आधारमा दिइने छ। जसको आधार अनुसूची (१) मा दिइएको छ।

ग) **दलित छात्रवृत्ति** : नेपाल सरकारको वर्गिकरणमा परेका दलित छात्र-छात्राहरु मध्येजेहेन्दार र आर्थिक अवस्था कमजोर भएका दलित छात्र-छात्राहरुलाई प्राथमिकताको आधारमा छात्रवृत्ति प्रदान गरिने छ। दलितहरुको विवरण अनुसूची (२) मा दिइएको छ।

घ) **जनजाति छात्रवृत्ति** : नेपाल सरकारको वर्गीकरणमा परेका जनजातिका छात्र-छात्राहरुमध्येबाट जेहेन्दार र आर्थिक अवस्था कमजोर भएकालाई प्राथमिकताका आधारमा यो छात्रवृत्ति प्रदान गरिने छ। जसको वर्गीकरण अनुसूची (३) मा दिइएकोछ।

ङ) **आर्थिकरुपमा पिछडिएका वर्गका लागि छात्रवृत्ति** : आर्थिक रुपमा पिछडिएका वर्गका छात्र-छात्राहरुलाई छात्रवृत्तिका लागि छनौट गर्दा आर्थिक रुपमा कमजोर एवम् पिछडिएको हो भनी स्थानीय निकाय (गा.पा./न.पा.) को सिफारिस अनिवार्य पेश गर्नुपर्ने छ। छनौट गर्दा आर्थिक रुपमा कमजोर एवम् पिछडिएको प्रतिशतलाई नै आधार बनाइने छ।

४.३ **कोटा हस्तान्तरण हुन सक्ने** : यदि दलित, अपाङ्ग, जनजाति र आर्थिकरुपले पिछडिएका समूहहरुको छात्रवृत्तिको कोटा रिक्त हुन आएमा सो कोटा जेहेन्दार समूहमा जाने छ।

४.४ **छात्रवृत्तिको रकम** : छात्रवृत्तिको रकम नियमित विद्यार्थीशुल्कबाट प्राप्त भएको रकमको अधिकतम ५ प्रतिशत हुन आउने रकम,

४.५ **दोहोरो छात्रवृत्ति नपाउने** : क्याम्पस छात्रवृत्ति कोषबाट छात्रवृत्ति रकम पाउन अन्यत्र कुनै पनि स्रोतबाट छात्रवृत्ति नपाएको हुनुपर्ने छ।

## परिच्छेद : ५ छात्रवृत्तिको लागि योग्यता

५.१ छात्रवृत्तिमा भाग लिनका लागि आवश्यक सर्तहरू : क्याम्पसबाट छात्रवृत्ति लिनका लागि निम्नलिखित छात्र-छात्राहरूले मात्र भाग लिन पाउने छन्:

(क) नियमित विद्यार्थीको रूपमा अध्ययनरत,

(ख) अपाङ्ग छात्रवृत्तिका लागि अपाङ्गताको सीमाभित्र परेका अपाङ्गता भएका छात्र-छात्राहरू,

(ग) दलित छात्रवृत्तिका लागि नेपाल सरकारको वर्गीकरणमा परेका दलित छात्र-छात्राहरू,

(घ) जनजाति छात्रवृत्तिका लागि नेपाल सरकारको वर्गीकरणमा परेका जनजाति छात्र-छात्राहरूलाई

(ङ) आर्थिक रूपले पिछडिएको वर्गको छात्रवृत्ति पाउनको लगि गरिब एवम् आर्थिक रूपले पिछडिएको वर्गका छात्र-छात्राहरू हुनुपर्ने छ । आर्थिक रूपले पिछडिएको भन्नाले स्थानीय निकायबाट आर्थिक रूपले पिछडिएको सिफारिस भएको हुनुपर्ने छ ।

छ) क्याम्पसमा नियमित रुपमा उपस्थित भई कम्तीमा ७० प्रतिशत हाजिर भएको हुनु पर्ने,

ज) आन्तरीक परीक्षा तथा अन्य निर्माणात्मक मूल्याङ्कन कार्यमा सहभागीहुनु पर्ने,

ञ) क्याम्पसद्वारा आयोजना गरिएका कार्यक्रमहरुमा सक्रियरुपमा सहभागीहुनु पर्ने,

५.२ छात्रवृत्तिको छनौटको परिधि र छात्रवृत्तिको कोटा निर्धारण : क्याम्पसको नियम २०४४ (संशोधन २०७६) को परिच्छेद –५ दफा ५.१ (घ) बमोजिम गठित क्याम्पस छात्रवृत्ति छनौट तथा सिफारिस समितिले यस क्याम्पसमा अध्ययनरत छात्र-छात्राहरूसँग खुला दरखास्त आव्हान गरी प्राप्त दरखास्तहरू मध्येबाट अन्तर्वार्ता लिई तोकिएको आधार एवम् सङ्ख्या बमोजिम छात्रवृत्ति वितरण गरिन्छ ।

५.३ छात्रवृत्ति माग गर्ने प्रक्रिया :

(क) क्याम्पस छात्रवृत्तिमा भाग लिन चाहने छात्र-छात्राहरूले निशुल्क अनुसूची (१२) बमोजिमको आवेदन फारम भरी क्याम्पस प्रशासनमा पेश गर्नुपर्ने छ र यसरी प्राप्त भएका फारमहरू क्याम्पस प्रशासनले छनौटका लागि छात्रवृत्ति समितिमा पेश गर्नुपर्ने छ ।

(ख) छात्र-छात्राहरूले छात्रवृत्तिको लागि आवेदन दिँदा समूह तोकी आवेदन गर्नुपर्ने छ । द्ध

(ग) छात्रवृत्तिको लागि आवेदन पेश गर्दा आवश्यक तोकिएका कागजातहरू संलग्न हुनुपर्दछ ।

५.४ छात्रवृत्ति छनौट गर्ने प्रक्रिया :

(क) क्याम्पसले निश्चित समय अवधि तोकी छात्रवृत्तिका लागि आवेदन आव्हान गरी छात्रवृत्ति आवेदन फारमसहित क्याम्पस छात्रवृत्ति समितिमा पेश गर्नुपर्ने छ ।

(ख) क्याम्पस छात्रवृत्ति समितिले कोटाका आधारमा छात्रवृत्ति छनौट गरी क्याम्पस सञ्चालक समितिमा सिफारिस गर्ने छ ।

५.५ छात्रवृत्ति वितरण गर्ने प्रक्रिया : छनौटमा परेका छात्र-छात्राहरूको छात्रवृत्ति रकम क्याम्पस लेखा शाखाबाट प्रदान गरिने छ ।

५.६ छात्र-छात्राहरूले पालना गर्नुपर्ने शर्तहरू क्याम्पसबाट छात्रवृत्ति पाउन छात्र-छात्राहरूले निम्नलिखित शर्तहरू पालना गर्नु पर्ने छ :

क) प्राप्त छात्रवृत्तिले क्याम्पसको मासिक शुल्क बुझाउनु पर्ने छ र मासिक शुल्क तिरी बाँकी रकम अन्य प्रयोजनमा खर्च गर्न पाइने छ ।

ख) नियमित रूपमा कक्षामा उपस्थित हुनुपर्नेछ । सिकाइ उपलब्धिलाई माथि उठाउनु पर्नेछ ।

**परिच्छेद : ६ विविध**

क) छात्रवृत्ति वितरण र छनौटको क्याम्पस सञ्चालक समितिले निरीक्षण र अनुगमन गर्न गराउन सक्ने छ ।

ख) क्याम्पस सञ्चालक समितिले यो विनियम आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्ने छ ।

ग) अक्षयकोषको व्यवस्थापन सञ्चालक समितिको निर्णय बमोजिम गरिने छ ।

अनुसूची १

सूचना

...........तहमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्तिको दरखास्त दिने एवं अन्तरवार्ता सम्बन्धी सूचना उपर्युक्त सम्बन्धमा यस क्याम्पस अन्तरगत स्नातक अध्ययनरत जेहेन्दार, अपाङ्ग, दलित, जनजाति, आर्थिक रूपले विपन्न छात्रछात्राहरूलाई प्राथमिकता दिई क्याम्पसबाट वितरण गरिने छात्रवृत्तिका लागि आवेदन खुलेको व्यहोरा जानकारीका लागि सूचित गरिन्छ ।

आवश्यक कागजपत्रहरू :

(क) छात्रवृत्ति फारमको विवरण......... भित्र पेश गर्नुपर्ने ।

(ख) फारममा हालसालै खिचेको १ प्रति फोटो अनिवार्य रूपमा राख्नुपर्नेछ ।

(ग) तल्लो तहको मार्कसिट, प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रको फोटोकपी फारमसाथ पेश गर्नुपर्ने छ ।

(घ) सम्बन्धित विद्यार्थी सम्बन्धित कक्षामा भर्ना भएको हुनुपर्नेछ ।

(ङ) अपाङ्गता भएका विद्यार्थीहरूले छात्रवृत्ति फारम भर्नुपर्ने छैन । अपाङ्गता परिचयपत्रको प्रतिलिपि सहितको निवेदन दिएमा नियमानुसारको छात्रवृत्ति सुविधा प्राप्त गर्नेछन ।

(च) पहिलो पटक छात्रवृत्ति फारम भर्ने विद्यार्थीले आर्थिक विपन्नताको लागि सम्बन्धित निकायबाट सिफारीस ल्याउनु पर्ने छ ।

(छ) दलित र जनजातिले सम्बन्धीत सङ्घ वा संस्थाबाट सिफारीस पेश गर्नुपर्ने छ ।

...................... क्याम्पस प्रमुख

अनुसूची २

## मूल्याङ्कनका आधार

| विवरण | | पूर्णाङ्क |
|---|---|---|
| नियमितता | | १५ |
| आन्तरीक परीक्षा | | १५ |
| अनुशासन | | १० |
| जेहेन्दार / शैक्षिक योग्यता | | २० |
| विशिष्ट श्रेणी A+ | २० | |
| A | १८ | |
| B+ | १६ | |
| B | १४ | |
| C+ | १२ | |
| C | १० | |
| C भन्दा कम | ८ | |
| विविध | | १० |
| अल्पसंख्यक /आदिवासी जनजाति | | |
| दुर्गम/भौगोलिक विकट | | |
| आर्थिकरुपमा पिछडिएका | | |
| दलित | | |
| महिला | | |
| अपाङ्ग | | |
| मधेसी | | |
| द्धन्दपिडित/शहिद तथा बेपत्ता परिवार | | |
| अर्न्तवार्ता | | ३० |

| | | |
|---|---|---|
| जम्मा पूर्णाङ्क | | १०० |

अनुसूची ३ भानुभक्त बहुमुखी क्याम्पस -५,तनहुँ छात्रवृत्ति आवेदन फारम श्रीमान् क्याम्पस प्रमुखज्यू भानुभक्त बहुमुखी क्याम्पस

यस क्याम्पसबाट वितरण गरिएको विभिन्न छात्रवृत्ति कोष अर्न्तगत जेहेन्दार, अपाङ्ग, दलित, जनजाति, आर्थिक रूपले विपन्न, पिछडिएको वर्ग, भौगोगिक विकटताका छात्र छात्राहरुलाई वितरण गरिने छात्रवृत्ति कार्यक्रममा म सम्मिलित हुन इच्छुक भएकाले छात्रवृत्तिका लागि फारम भरी आवश्यक कागजात यसै साथ संलग्न गरी पेश गरेको छु ।

१) विद्यार्थीको नामः-..........................................................................................

२) छात्रवृत्तिको किसिम .........................

४) स्थायी ठेगाना .................... जिल्ला ....................न.पा/गा.पा. वडा नं......... टोल........................

५) जन्म मिति ..........................नागरिकता नं..........................

६) भर्ना मिति .............................................. रसिद नं...........

७) वावुको नाम ................................................................................ पेशा.............................

८) आमाको नाम ............................................................................... पेशा.............................

९) विवाहित भए पति/पत्नीको नाम......................................................... पेशा............................

१०) विद्यार्थीको अध्ययन सम्वन्धी जानकारी

क) प्रथम वर्षका लागि माध्यामिक तह अध्ययन गरेको विद्यालयको नाम ......................................... कक्षा १२ मा प्राप्त गरेको प्रतिशत...........

ख) द्वितीय, तृतीय र चौथो वर्षका लागि अघिल्लो वर्षको अन्तिम परीक्षाको प्राप्त प्रतिशत ..............

११) विद्यार्थीको पारिवारिक पृष्ठभूमि सम्वन्धी जानकारी

क) परिवार संख्याः दाजु/भाइः............दिदि/बहिनीः............अन्य..........जम्मा........

ख) पारिवारिक आम्दानीको स्रोतः....................(कृषि/जागिर/व्यापार/अन्य) परिवारको अनुमानित विवरण मासिक आय ............................... वार्षिक आय ........................

१२) हाल अध्ययनरत :-

संकाय.............................तह................वर्ष.................

रोल नं......... मूल/ऐच्छिक विषय :....................... विद्यार्थीको सम्पर्क नम्वर............................

१३) आवेदक विद्यार्थीको जागिर भए सेवा गरेको कार्यालय..................................... पद ....................

१४) संलग्न कागजातहरु : क) एस.एल.सी. वा एस.ई.ई. को लब्धाङ्कपत्र, प्रमाणपत्रको फोटोकपी -१/१ प्रति

ख) कक्षा १२ को लब्धाङ्कपत्र,प्रमाणपत्रको फोटोकपी -१/१

ग) नागरिकताको प्रमाणपत्रको फोटोकपी -१

घ) यस क्याम्पसवाट अघिल्लो वर्षमा छात्रवृत्ति पाएको भए कति महिना ......

ङ) सम्वन्धित वडांको सिफारिस पत्र आर्थिक विपन्नताका लागि पहिलो पटक मात्र

च) सम्बन्धित सङ्घ संस्थाको सिफारीस दलित, र जनजातिका लागि पहिलो पटक मात्र माथी उल्लेख गरेका सम्पूर्ण व्यहोरा सही सत्य छन, झुठा ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

मिति :- बुझिलिनेको हस्ताक्षर .......................

दर्ता नं. : आवेदक विद्यार्थीको हस्ताक्षरः...............

दर्ता मिति :- .........................